## प्रस्ताव एवं निर्णयहरुः

२०७७।०७८-०२१।०१ कोरोना भाइरस नियन्त्रण रोकथाम सम्बन्धमा ।
२०७७।०७८-०२१।०२ रूपाकोट अस्पताल सञ्चालन सम्बन्धमा ।
२०७७।०७८-०२१।०३ रूपाको संगालो खर्च अनुमोदन सम्बन्धमा ।
२०७७।०७८-०२१।०४ रूपाकोट अस्पताल व्यवस्थापन खर्च अनुमोदन सम्बन्धमा ।
२०७७।०७८-०२१।०५ विविध सम्बन्धमा ।

### निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२१।०१**

प्रस्ताव नं २०७७।०७८-०२१।०१ माथि छलफल गर्दा २०७८ बैशाख १४ गतेदेखी २०७८ बैशाख ३० गतेसम्म कोरोना भाइरसको दोश्रो लहरको कारण गाउँपालिकाबाट ४४ जनाको स्वाव संकलन भएकोमा ५ जना पोजेटिभ सहित १ जनाको दुखद् निधन भएको जानकारी प्राप्त भएकोमा कोरोना भाइरसको दोश्रो लहर रोकथाम तथा नियन्त्रणको लागी मिति २०७८।१।१४ को निर्णयअनुसार गर्ने निर्णय गरियो।

**कार्यपालिका निर्णय नं २०७७।०७८-०२१।०२**

प्रस्ताव नं २०७७।०७८-०२१।०२ माथि छलफल गर्दा रूपाकोट अस्पतालको नियमित सञ्चालन तथा व्यवस्थापनको लागी गाउँसभाबाट अस्पताल व्यवस्थापन तर्फ विनियोजित रु १० बजेट मध्येवाट रु ५ लाख रूपाकोट अस्पतालको नाममा छुट्टै बैंक खाता सञ्चालन गरी अनुदान उपलब्ध गराउने तथा अर्को निर्णय नभएसम्को लागी देहायअनुसारको **रूपाकोट अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति** गठन गरी अस्पतालको शुल्क निर्धारण तथा अन्य व्यवस्थापकीय कार्यहहरुको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो:

देहायः

- क) गाउँपालिका अध्यक्षः संरक्षक
- ख) गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्यहरुमध्येबाट एक जनाः अध्यक्ष
- ग) सम्बन्धित वडाको वडाअध्यक्षः सदस्य
- घ) स्वास्थ्य क्षेत्रमा अनुभवप्राप्त विशेषज्ञ मध्येवाट एक जना महिला सहित प्रमुखले तोकेको दुई जनाः सदस्य
- ङ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुखः सदस्य
- च) स्थानीय संघ संस्थाबाट कार्यपालिकाले तोकेको प्रतिनिधिः सदस्य
- छ) अस्पतालको हेअ/सिअहेव/स्टोर/लेखा मध्ये एक जनाः सदस्य
- ज) अस्पतालको मेडिकल सुपरिन्टेन्डेन्टः सदस्य सचिव

<u>हाल गठन गर्ने समितिका पदाधिकारीः</u>

क) गाउँपालिका अध्यक्ष श्री नवराज ओझाः संरक्षक

ख) गाउँपालिका उपाध्यक्ष श्री लालसुब्बा गुरुङः अध्यक्ष

ग) वडा नं ६ को वडाअध्यक्ष श्री नारायण गुरुङः सदस्य

घ) स्वास्थ्य क्षेत्रमा अनुभवप्राप्त विशेषज्ञ मध्येवाट एक जना महिला सहित कार्यपालिकाले तोकेको दुई जनाः सदस्यः यसपछीको वैठकमा प्रस्ताव पेश गर्ने

ङ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख श्री रामचन्द्र ओझाः सदस्य

च) रेडक्रस सोसाइटी शाखा प्रमुख श्री रामचन्द्र सापकोटाः सदस्य

छ) अस्पतालको सिअहेव छैठौ श्री आनन्दराज जोशीः सदस्य

ज) अस्पतालको मेडिकल सुपरिन्टेन्डेन्ट श्री रितुराज अधिकारीः सदस्य-सचिव

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२१।०३</u>**

प्रस्ताव नं २०७७।०७८-०२१।०३ माथि छलफल गर्दा रूपाको संगालो मिति २०७७ फाल्गुण २७ गते विमोचन समेत गरी सकिएकोले कार्यपालिकाको निर्णयअनुसार निम्नानुसारको खर्च विवरण अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियोः

निम्नः

| क स | विवरण | खर्च रकम रु | कैफियत |
|---|---|---|---|
| १ | छपाइ खर्च | ४९७७६९।५२ | |
| २ | बैठक खर्च | ८७५०० | |
| ३ | खाजा खर्च | ५७००० | |
| ४ | सम्पादन खर्च | ५७५०० | |
| ५ | लेख रचना | ७७५०० | |
| ६ | टाइपिङ्ग | २५०० | |
| ७ | प्रुफ रिडिङ्ग | ६००० | |
| जम्मा | | ७८५७६९।५२ | |
| | अक्षेरुपी सात लाख पचासी हजार सात सय उनान्सत्तरी पैसा बाउन्न मात्र । | | |

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२१।०४</u>**

प्रस्ताव नं २०७७।०७८-०२१।०४ माथि छलफल गर्दा कार्यपालिकाको मिति २०७८।०१।१४ को निर्णयअनुसार गैरिभञ्ज्याङ्ग आइसोलेसन केन्द्र तथा रूपाकोट अस्पताल व्यवस्थापनतर्फ भएको निम्नानुसारको खर्च अनुमोदन गरी अस्पताल व्यवस्थापन तर्फ विनियोजित रु १० बजेटबाट भुक्तानी दिने निर्णय गरियोः

निम्नः

| क्र.सं | बिल नम्बर | पसल/संस्थाको नाम | रकम | सम्पर्क नं. | कैंफियत |
|---|---|---|---|---|---|
| १ | १९२६ | म्याट्रेस वल्ड, लत्तकपडा खरिद | ४६९४० | ६१५२३२१३ | |
| २ | १९३७ | म्याट्रेस वल्ड, कार्पेट पर्दा तन्ना खरिद | ६२२४७ | ६१५२३२१३ | |
| ३ | | नेपाल विद्युत, प्राधिकरण लाइन विस्तार | ३०३०७ | | |
| ४ | | नेपाल विद्युत प्राधिकरण, मिटर शुल्क | ७१८० | | |
| ५ | ८०३ | आयुष स्टेशनरी | ९३० | ९८०६५६२०९२ | |
| ६ | ८०४ | आयुष स्टेशनरी | १०३६४ | | |
| ७ | २ | श्रेष्ठ देउराली घडी पसल | ६०७० | ९८५६०१८५०० | |
| ८ | ६५४६ | स्टार ग्लोबल बुक्स एण्ड स्टेशनरी | ३५० | ९८५६०७५९८३ | |
| ९ | ३४२ | मंजिल सपिङ्ग सेन्टर | ३४५० | ९८०६५०४०५९ | |
| १० | २२७ | श्रेष्ठ देउराली स्टेशनरी | ३२८५ | ९८५६०१८५०० | |
| ११ | भरपाई | आईसोलेसन कामकाज | ८४०० | | |
| १२ | ११० | लेकसिटि लाईट हाउस | १८२०० | ९८४६१६३२२५ | |
| १३ | १३०९ | पोखरा अक्सिजन ग्यास प्रा लि अक्सिजन सिलिन्डर | ७९०० | | |
| १४ | १३१९ | पोखरा अक्सिजन ग्यास प्रा लि अक्सिजन सिलिन्डर | ४२०० | | |
| १५ | स्लिप नं.255 | पोखरा अक्सिजन ग्यास प्रा लि अक्सिजन सिलिन्डर | ४५००० | | |
| १६ | ४७३ | पौडेल ईलेक्ट्रिक पसल | ६८०० | ९८०४१२२१०१ | |
| १७ | ३३२ | एम वि ट्रेडर्स सिसिटिभि जडान | ८१०५१ | | |
| १८ | ४२ र ४३ | शुभ लेखनाथ हार्डवर्यस | ११९४१ | | |
| १९ | आनन्द सरको खर्च | सुरक्षा सामाग्री | ६५९९९ | | |
| | | भ्रमण खर्च | ३६५०० | | |
| | | पिसिआर स्वाव संकलन गर्दाको खाना खाजा | १०८०० | | |
| | | अन्य | ५०० | | |
| | | पारिश्रमिक तर्फ | २८०० | | |
| | | जम्मा<br>अक्षेरूपी चार लाख सत्तरी हजार चार सय चौध मात्र | ४७०४१४ | | |

**<u>कार्यपालिका निर्णय नं २०७७।०७८-०२१।०५</u>**

प्रस्ताव नं २०७७।०७८-०२१।०५ माथि छलफल गर्दा आजको बैठक समापन गर्ने निर्णय गरियो ।

मिति २०७८ साल बैशाख ३० गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

मिति: